# हेटौंडा राजपत्र

हेटौंडा उपमहानगरपालिकाद्वारा प्रकाशित

खण्डः १०        संख्याः ५        मितिः२०८३।०४।२०


## भाग- ३

**हेटौंडा उपमहानगरपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

## हेटौंडा उपमहानगरपालिका पर्यटन वर्ष २०८३ को लोगो तथा नगर गान निर्माण सम्बन्धी कार्यविधि, २०८३

**प्रस्तावना**

हेटौंडा उपमहानगरपालिका भित्र रहेका पर्यटकीय गन्तव्य, मौलिक संस्कृति, कला, सभ्यता तथा प्राकृतिक सम्पदाको संरक्षण, संवर्द्धन र प्रवर्द्धन गर्दै आन्तरिक तथा बाह्य पर्यटनको विकासमार्फत स्थानीय अर्थतन्त्रलाई सबल बनाउने उद्देश्यले हेटौंडा उपमहानगरपालिकाले आर्थिक वर्ष २०८३/०८४ लाई **"हेटौंडा पर्यटन वर्ष २०८३"** का रूपमा मनाउने नीति अवलम्बन गरेको छ।

उपमहानगरपालिकाको मौलिक पहिचान, ऐतिहासिक विरासत, सांस्कृतिक विविधता, प्राकृतिक सम्पदा तथा पर्यटकीय विशिष्टतालाई समेट्ने उद्देश्यका साथ पर्यटन वर्षको आधिकारिक **लोगो** तथा **नगर गान** छनोट गरी प्रयोगमा ल्याउनु आवश्यक भएकोले खुला प्रतियोगितामार्फत उत्कृष्ट सिर्जना छनोट गर्ने व्यवस्था गर्नु वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी हेटौंडा उपमहानगरपालिकाले यो **"हेटौंडा उपमहानगरपालिका पर्यटन वर्ष २०८३ को लोगो तथा नगर गान निर्माण सम्बन्धी कार्यविधि, २०८३"** जारी गरेको छ।

## परिच्छेद—१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम **"हेटौंडा उपमहानगरपालिका पर्यटन वर्ष २०८३ को लोगो तथा नगर गान निर्माण सम्बन्धी कार्यविधि, २०८३"** रहेको छ।

(२) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "उपमहानगरपालिका" भन्नाले हेटौंडा उपमहानगरपालिकालाई सम्झनुपर्छ।

(ख) "कार्यपालिका" भन्नाले हेटौंडा उपमहानगरपालिकाको नगर कार्यपालिकालाई सम्झनुपर्छ।

(ग) "समिति" भन्नाले दफा १५ बमोजिम गठित मूल्याङ्कन समितिलाई सम्झनुपर्छ।

(घ) "लोगो" भन्नाले पर्यटन वर्ष २०८३ को आधिकारिक प्रतीकात्मक चिन्हलाई सम्झनुपर्छ।

(ङ) "नगर गान" भन्नाले हेटौंडा उपमहानगरपालिकाको ऐतिहासिक, सांस्कृतिक, प्राकृतिक तथा पर्यटकीय पहिचान झल्काउने आधिकारिक गीतलाई सम्झनुपर्छ।

(च) "प्रतियोगी" भन्नाले प्रतियोगितामा सहभागी हुने नेपाली नागरिक वा समूहलाई सम्झनुपर्छ।

(छ) "सचिवालय" भन्नाले पर्यटन वर्ष २०८३ कार्यान्वयनका लागि तोकिएको सम्पर्क इकाईलाई सम्झनुपर्छ।

(ज) "मौलिक सिर्जना" भन्नाले अन्य कुनै व्यक्ति वा संस्थाको प्रतिलिपि वा नक्कल नभएको सिर्जनालाई सम्झनुपर्छ।

## परिच्छेद—२
## उद्देश्य, र दायरा

३. **उद्देश्यः** यस कार्यविधिको उद्देश्य देहायबमोजिम हुनेछ

(क) पर्यटन वर्ष २०८३ का लागि मौलिक लोगो तथा नगर गान छनोट गर्नु।

(ख) हेटौंडा उपमहानगरपालिकाको पर्यटन, इतिहास, संस्कृति, प्राकृतिक सम्पदा तथा पहिचानको प्रवर्द्धन गर्नु।

(ग) नगरको दीर्घकालीन ब्रान्डिङका लागि आधिकारिक दृश्य तथा सांगीतिक पहिचान विकास गर्नु।

(घ) सिर्जनात्मक प्रतिभालाई प्रोत्साहन गर्नु।

(ङ) छनोट प्रक्रिया पारदर्शी, प्रतिस्पर्धात्मक तथा निष्पक्ष बनाउनु।

४. **कार्यविधिको दायराः** (१) यो कार्यविधि पर्यटन वर्ष २०८३ को लोगो तथा नगर गान निर्माण, आवेदन, मूल्याङ्कन, छनोट, पुरस्कार तथा बौद्धिक सम्पत्तिसम्बन्धी सम्पूर्ण प्रक्रियामा लागू हुनेछ।

(२) प्रतियोगिता खुला राष्ट्रिय हुनेछ।

(३) नेपालका जुनसुकै स्थानका नेपाली नागरिकले व्यक्तिगत वा समूहका रूपमा सहभागिता जनाउन सक्नेछन्।

नक्कल प्रति

## परिच्छेद—३
## लोगो प्रतियोगिता सम्बन्धी व्यवस्था

**५. लोगोको उद्देश्यः** लोगोले हेटौंडा उपमहानगरपालिकाको पर्यटन, मौलिकता, संस्कृति, प्राकृतिक सम्पदा, ऐतिहासिक महत्त्व तथा समृद्धिको आधारलाई प्रवर्द्धन गर्नु।

**६. लोगोको मापदण्डः** (१) लोगो मौलिक हुनुपर्नेछ।

(२) कुनै संस्था वा व्यक्तिको लोगोको प्रतिलिपि वा नक्कल हुनुहुँदैन।

(३) लोगो रंगीन तथा श्वेत—श्याम दुवै स्वरूपमा प्रयोग गर्न मिल्ने हुनुपर्नेछ।

(४) लोगो विभिन्न आकार तथा डिजिटल माध्यममा स्पष्ट देखिने हुनुपर्नेछ।

(५) लोगोसँग अधिकतम ३०० शब्दको अवधारणा (Concept Note) अनिवार्य रूपमा संलग्न गर्नुपर्ने छ।

**७. लोगो छनोटः** (१) प्राप्त लोगोहरू प्रारम्भिक परीक्षणपछि मूल्याङ्कन समितिमा पठाइनेछ।

(२) समितिले निर्धारित अंकभारका आधारमा उत्कृष्ट लोगो छनोट गर्नेछ।

## परिच्छेद—४
## नगर गान प्रतियोगिता सम्बन्धी व्यवस्था

**८. नगर गानको मापदण्डः** (१) नगर गीत मौलिक हुनुपर्नेछ।

(२) गीत नेपाली भाषामा हुनुपर्नेछ।

(३) गीतको समयावधी बढीमा २ मिनेटसम्मको हुनुपर्नेछ।

(४) गीतमा सामाजिक सद्भाव, समावेशिता तथा राष्ट्रिय एकताको भावना झल्किएको हुनुपर्नेछ।

(५) एक स्थायी र तीन अन्तरा सम्मको हुनु पर्नेछ ।

**९. नगर गान छनोटः** (१) मूल्याङ्कन समितिले शब्द, संगीत, सन्देश तथा प्रस्तुतीकरणका आधारमा मूल्याङ्कन गर्नेछ।

(२) आवश्यक ठानेमा प्रत्यक्ष प्रस्तुति वा रेकर्डिङ परीक्षण गर्न सकिनेछ।

## परिच्छेद—५
## आवेदन, योग्यता तथा अयोग्यता

**१०. आवेदनः** (१) उपमहानगरपालिकाले सार्वजनिक सूचना प्रकाशित गरी आवेदन आह्वान गर्नेछ।

(२) आवेदन ढाँचा अनुसुची-१ मा तोकिए अनुसार हुनेछ।

(३) एक व्यक्तिले दुवै विधामा वा एउटै विधामा एकभन्दा बढी सिर्जना पेश गर्न सक्नेछ, तर प्रत्येक सिर्जनाका लागि छुट्टाछुट्टै आवेदन दिनुपर्नेछ।

**११. आवश्यक कागजातः** आवेदनसँग देहायका कागजात संलग्न गर्नुपर्नेछ—

(क) नागरिकताको प्रतिलिपि।

(ख) पासपोर्ट साइज फोटो।

(ग) स्वघोषणा पत्र।

हेटौंडा

(घ) लोगो वा नगर गान सम्बन्धी आवश्यक फाइलहरू।

(ङ) समूहको हकमा समूह प्रतिनिधिको विवरण तथा सदस्यहरूको सहमति।

**१२. योग्यताः** देहायका नेपाली नागरिक सहभागी हुन सक्नेछन्—

(क) १८ वर्ष उमेर पूरा गरेका व्यक्ति।

(ख) कलाकार, डिजाइनर, लेखक, संगीतकार, विद्यार्थी वा अन्य इच्छुक नेपाली नागरिक।

(ग) व्यक्तिगत वा समूहगत रूपमा सहभागिता जनाउन सकिनेछ।

**१३. अयोग्यताः** देहायका सिर्जना वा व्यक्तिहरू अयोग्य मानिनेछन्—

(क) प्रतिलिपि (Plagiarism) वा नक्कल प्रमाणित भएका सिर्जना।

(ख) अन्यत्र प्रकाशित वा पुरस्कार प्राप्त सिर्जना।

(ग) अश्लील, विभेदकारी, घृणा फैलाउने वा सामाजिक सद्भावमा प्रतिकूल प्रभाव पार्ने सामग्री।

(घ) झुट्टा विवरण पेश गर्ने प्रतियोगी।

(ङ) समयसीमापछि प्राप्त आवेदन।

(च) आवश्यक कागजात वा प्राविधिक मापदण्ड पूरा नगरेका आवेदन।

**१४. आवेदन रद्द हुने अवस्थाः** उपमहानगरपालिकाले देहायका अवस्थामा जुनसुकै चरणमा आवेदन रद्द गर्न सक्नेछ—

(क) सिर्जना मौलिक नभएको प्रमाणित भएमा।

(ख) झुट्टा विवरण पेश भएको पाइएमा।

(ग) प्रचलित कानुन वा यस कार्यविधिको उल्लङ्घन भएमा।

(घ) बौद्धिक सम्पत्ति सम्बन्धी विवाद उत्पन्न भई सिर्जनाकर्ताले अधिकार पुष्टि गर्न नसकेमा।

## परिच्छेद—६

## मूल्याङ्कन समिति गठन, काम, कर्तव्य र अधिकार

**१५. मूल्याङ्कन समिति गठनः** (१) लोगो तथा नगर गानको निष्पक्ष, पारदर्शी र गुणस्तरीय मूल्याङ्कनका लागि देहायबमोजिम बढीमा ५ (पांच) सदस्यीय मूल्याङ्कन समिति गठन गर्नेछः

(क) सामाजिक विकास महाशाखा प्रमुख — **संयोजक**

(ख) कार्य सम्पादन समितिले तोकेको पर्यटन, संस्कृति वा सम्पदा क्षेत्रका एक जना विज्ञ — **सदस्य**

(ग) कार्य सम्पादन समितिले तोकेको ललितकला, ग्राफिक डिजाइन वा सञ्चार क्षेत्रका एक जना विज्ञ — **सदस्य** (लोगो मूल्याङ्कनका लागि)

(घ) कार्य सम्पादन समितिले तोकेको साहित्य, संगीत वा सांस्कृतिक क्षेत्रका एक जना विज्ञ — **सदस्य** (नगर गान मूल्याङ्कनका लागि)

(ङ) पर्यटन हेर्ने शाखा प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतले तोकेको कर्मचारी — **सदस्य—सचिव**

(२) आवश्यकता अनुसार समितिले विषयविज्ञ वा प्राविधिक विशेषज्ञलाई आमन्त्रित गर्न सक्नेछ।

**१६. समितिको काम, कर्तव्य र अधिकारः** समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) प्राप्त आवेदनहरूको प्रारम्भिक परीक्षण तथा मूल्याङ्कन गर्नु।

(ख) कार्यविधिबमोजिम अंक प्रदान गरी उत्कृष्ट सिर्जना छनोट गर्नु।

(ग) आवश्यक परे प्रतियोगीलाई प्रस्तुतीकरण वा अन्तर्वार्ताका लागि बोलाउनु।

(घ) मौलिकता (Originality) परीक्षण गर्न आवश्यक व्यवस्था गर्नु।

(ङ) छनोट सम्बन्धी प्रतिवेदन नगर कार्यपालिकासमक्ष पेश गर्नु।

(च) यस कार्यविधिअनुसार अन्य आवश्यक कार्य गर्नु

**१७. समितिको बैठकः** (१) बैठक संयोजकले आवश्यकतानुसार बोलाउनेछ।

(२) कुल सदस्य सङ्ख्याको कम्तीमा ५१ प्रतिशत सदस्य उपस्थित भएमा गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(३) निर्णय सकेसम्म सर्वसम्मतिबाट र आवश्यक परे बहुमतबाट हुनेछ।

(४) मत बराबर भएमा संयोजकको मत निर्णायक हुनेछ।

## परिच्छेद—७

## मूल्याङ्कनका आधार तथा अंकभार

**१८. लोगो मूल्याङ्कनका आधारः** पर्यटन वर्ष-२०८३ को लोगो छनौटका लागि देहायबमोजिमक मूल्याङ्कनका आधारमा गरिनेछः

| **क.सं.** | **आधार** | **पूर्णाङ्क** |
|---|---|---|
| १ | मौलिकता तथा सिर्जनशीलता | ३० |
| २ | पर्यटन तथा नगर पहिचानको प्रभावकारी प्रस्तुति | २५ |
| ३ | कलात्मक सौन्दर्य तथा दृश्य प्रभाव | २० |
| ४ | प्रयोगयोग्यता (Print/Digital/Flexible Use) | १५ |
| ५ | अवधारणा (Concept Note) | १० |
| **जम्मा** | | १०० |

**१९. नगर गान मूल्याङ्कनका आधारः** नगर गान छनौटका लागि देहायबमोजिमक मूल्याङ्कनका आधारमा गरिनेछः

| **क.सं.** | **आधार** | **पूर्णाङ्क** |
|---|---|---|
| १ | मौलिकता | २५ |
| २ | साहित्यिक गुणस्तर | २० |
| ३ | लय | १५ |
| ४ | पर्यटन, इतिहास र सांस्कृतिक पहिचान | ३० |
| ५ | समग्र प्रभाव तथा प्रस्तुतिकरण | १० |
| **जम्मा** | | १०० |

२०. मुल्याङ्कन समितिले मुल्याङ्कनका अन्य आधारहरु आवश्यक भएमा आफै तोक्न सक्ने छ।

## परिच्छेद-८
## पुरस्कार, बौद्धिक सम्पत्ति तथा प्रयोग अधिकार

**२१. पुरस्कारः** (१) लोगोतर्फ देहायबमोजिम पुरस्कार प्रदान गरिनेछः

- प्रथम : रु. १,००,०००।—

(२) नगर गानतर्फ देहायबमोजिम पुरस्कार प्रदान गरिनेछः

- प्रथम : रु. १,००,०००।—

**२२. बौद्धिक सम्पत्तिः** (१) प्रथम छनोट भएको लोगो तथा नगर गानको सम्पूर्ण बौद्धिक सम्पत्ति तथा प्रयोग अधिकार हेटौंडा उपमहानगरपालिकामा रहनेछ।

(२) उपमहानगरपालिकाले आवश्यकताअनुसार लोगो वा नगर गानमा सामान्य प्राविधिक वा सम्पादकीय परिमार्जन गर्न सक्नेछ।

(३) छनोट नभएका सिर्जनाको बौद्धिक सम्पत्ति सम्बन्धित सिर्जनाकर्तामै रहनेछ।

(४) सिर्जनाकर्ताले पेश गरेको सामग्री मौलिक भएको अनुसूची-२ बमोजिमको ढाँचामा स्वघोषणा गर्नुपर्नेछ।

**२३. प्रयोग अधिकारः** (१) उपमहानगरपालिकाले छनोट भएको लोगो तथा नगर गानलाई सरकारी प्रकाशन, प्रचार—प्रसार, डिजिटल माध्यम, पर्यटन सामग्री, स्मारिका, वेबसाइट, सामाजिक सञ्जाल तथा अन्य आवश्यक प्रयोजनमा प्रयोग गर्न सक्नेछ।

(२) सिर्जनाकर्ताले उपमहानगरपालिकाको पूर्वस्वीकृतिबिना आधिकारिक लोगो वा नगर गानको व्यावसायिक प्रयोग गर्न पाउने छैन।

## परिच्छेद—९
## विविध

**२४. संशोधनः** यस कार्यविधिमा आवश्यक संशोधन नगर कार्यपालिकाले गर्न सक्नेछ।

**२५. बाधा अड्काउ फुकाउने अधिकारः** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा, अस्पष्टता वा व्याख्यात्मक समस्या उत्पन्न भएमा नगर कार्यपालिकाको निर्णय अन्तिम हुनेछ।

**२६. बचाउः** यस कार्यविधिमा उल्लेख नभएका विषयमा प्रचलित नेपालका कानुन तथा नगर कार्यपालिकाको निर्णयबमोजिम हुनेछ।

**अनुसूची—१**

**(दफा १० र ११ सँग सम्बन्धित)**

**आवेदन फाराम**

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
हेटौंडा उपमहानगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
हेटौंडा, मकवानपुर ।

**विषयः आवेदन पेश गरेको सम्बन्धमा**

प्रस्तुत विषयमा हेटौंडा उपमहानगरपालिकाबाट मिति ................................ गते जारी भएको सूचना अनुसार तपसिल बमोजिमको विधामा यो आवेदन फाराम पेश गरेको छु ।

**तपसिल**

**१. प्रतियोगिताको विधा (✓)**

□ लोगो प्रतियोगिता
□ नगर गान प्रतियोगिता

२. आवेदकको विवरण

- नाम, थर :
- स्थायी ठेगाना :
- हालको ठेगाना :
- जिल्ला :
- प्रदेश :
- नागरिकता नं. :
- जारी जिल्ला :
- मोबाइल नं. :
- इमेल :
- पेशा :

३. समूहको हकमा

- समूहको नाम :
- प्रतिनिधिको नाम :
- सदस्यहरूको विवरण (छुट्टै सूची संलग्न गर्न सकिने)

४. पेश गरिएको सामग्री



हेटौंडा राजपत्र

**लोगोको हकमा**

□ Editable File (AI/EPS/SVG/PDF)
□ JPG/PNG
□ Concept Note

**नगर गानको हकमा**

□ गीतका शब्द
□ Concept Note

५. घोषणा

मैले पेश गरेको सिर्जना मेरो/हाम्रो मौलिक सिर्जना हो। यसबाट कुनै कानुनी विवाद उत्पन्न भएमा सम्पूर्ण जिम्मेवारी मेरो/हाम्रो हुनेछ।

आवेदकको हस्ताक्षर :
नाम :
मिति :

हेटौंडा राजपत्र

## अनुसूची—२
## (दफा २१ सँग सम्बन्धित)
## स्वघोषणा-पत्र

म ................................................

स्थायी ठेगाना ......................................

यसद्वारा देहायका कुराहरू घोषणा गर्दछु—

१. मैले पेश गरेको लोगो/नगर गान पूर्ण रूपमा मौलिक हो।

२. यो अन्य कुनै प्रतियोगितामा पुरस्कार प्राप्त वा आधिकारिक रूपमा प्रयोग भएको छैन।

३. यसले कुनै व्यक्ति वा संस्थाको बौद्धिक सम्पत्ति अधिकार उल्लङ्घन गरेको छैन।

४. छनोट भएमा कार्यविधिअनुसार यसको प्रयोग अधिकार हेटौंडा उपमहानगरपालिकालाई रहनेछ भन्ने कुरामा मेरो पूर्ण सहमति छ।

५. झुट्टा विवरण वा प्रतिलिपि प्रमाणित भएमा प्रचलित कानुनबमोजिम हुने कारबाही स्वीकार गर्दछु।

हस्ताक्षर :

नाम :

मिति :

हेटौंडा राजपत्र

**अनुसूची—३**

**(दफा १० सँग सम्बन्धित)**

**सार्वजनिक सूचनाको ढाँचा**

**हेटौंडा उपमहानगरपालिका**

नगर कार्यपालिकाको कार्यालय

हेटौंडा, मकवानपुर

**सार्वजनिक सूचना**

**हेटौंडा पर्यटन वर्ष -२०८३ को प्रतीक चिन्ह (लोगो) डिजाइन गर्ने सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति : ........................

हेटौंडा उपमहानगरपालिकाको आर्थिक वर्ष २०८३/०८४ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार "हेटौंडा पर्यटन वर्ष २०८३" मनाउने सन्दर्भमा यस उपमहानगरपालिका क्षेत्रभित्र रहेका ऐतिहासिक, धार्मिक, सांस्कृतिक, प्राकृतिक तथा पर्यटकीय स्थलहरू लाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रवर्द्धन गर्ने उद्देश्यले "हेटौंडा पर्यटन वर्ष २०८३" को आधिकारिक प्रतीक चिन्ह (लोगो) तयार गर्नुपर्ने भएको छ। तसर्थ, इच्छुक नेपाली नागरिक, कलाकार, डिजाइनर तथा संघ/संस्थाहरूबाट देहायका शर्त तथा मापदण्डहरूको अधीनमा रही यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र शिलबन्दी रूपमा लोगो डिजाइन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

**शर्त तथा मापदण्डहरू:**

**१. विशिष्ट पहिचान झल्कनुपर्ने:** लोगोमा हेटौंडा नगरको प्राकृतिक सौन्दर्य, हरित नगर, धार्मिक सम्पदा, वन-वनस्पति, जैविक विविधता तथा पर्यटकीय सम्भावनालाई रचनात्मक र कलात्मक रूपमा सांकेतिक प्रस्तुति गरिएको हुनुपर्नेछ।

**२. नयाँ र मौलिक हुनुपर्ने:** लोगो पूर्ण रूपमा नयाँ, मौलिक र अप्रकाशित हुनुपर्नेछ। अन्य कुनै व्यक्ति, संस्था वा निकायको लोगो वा प्रतीक चिन्हसँग हुबहु वा आंशिक रूपमा मिलेको/नक्कल गरिएको पाइएमा उक्त आवेदन स्वतः रद्द हुनेछ।

**३. सामाजिक र राष्ट्रिय एकता अनुकूल:** कुनै पनि जातीय, धार्मिक, क्षेत्रीय वा सामाजिक साम्प्रदायिकतालाई प्रश्रय दिने वा राष्ट्रिय एकता र अखण्डतामा प्रतिकूल असर पार्ने संकेत वा प्रतीक प्रयोग गर्न पाइने छैन।

**४. संक्षिप्त व्याख्या संलग्न गर्नुपर्ने:** लोगोमा प्रयोग गरिएका रङ, रेखा, आकार र प्रतीकहरूको अर्थ तथा मर्म स्पष्ट पार्ने गरी १ (एक) पानामा नबढ्ने गरी संक्षिप्त व्याख्यात्मक टिप्पणी (Concept Note) अनिवार्य रूपमा संलग्न गर्नुपर्नेछ।

**५. पुरस्कार तथा सम्मान:** प्राप्त डिजाइनहरूमध्येबाट विषयविज्ञ टोलीको मूल्याङ्कनका आधारमा सर्वोत्कृष्ट छनौट हुने १ (एक) जना उत्कृष्ट डिजाईनरलाई उचित नगद पुरस्कार प्रदान गरिनेछ।

**६. परिमार्जन तथा सर्वाधिकार:** छनौट भएको लोगोको सम्पूर्ण प्रतिलिपि अधिकार (Copyright) तथा प्रयोगको सर्वाधिकार हेटौंडा उपमहानगरपालिकामा निहित रहनेछ। कार्यपालिकाको सुझाव अनुसार आवश्यकता अनुसार लोगोमा आंशिक परिमार्जन गर्न प्रस्तावकर्ता तयार हुनुपर्नेछ।

**पेश गर्ने प्रक्रिया र आवश्यक कागजातहरू:**

**क)** प्रस्तावित लोगोको A4 साइजको उच्च गुणस्तरको हार्डकपी (Color Print) र सफ्टकपी पेनड्राइभ वा इमेल मार्फत (कम्तिमा ६०० DPI भएको PNG/TIFF र Vector File AI/EPS/PDF) पेश गर्नुपर्नेछ।

**ख)** शिलबन्दी खामको बाहिर स्पष्ट रूपमा "हेटौंडा पर्यटन वर्ष २०८३ को लोगो डिजाइन प्रस्ताव" भनी उल्लेख गरिएको हुनुपर्नेछ।

**ग)** प्रस्तावसाथ आवेदकको नागरिकताको प्रतिलिपि, हालसालै खिचिएको १ प्रति पासपोर्ट साइजको फोटो, जैविक विवरण (Bio-data) तथा सम्पर्क नम्बर अनिवार्य रूपमा संलग्न हुनुपर्नेछ।

**घ)** आवेदन सूचना प्रकाशित भएको मितिले १५औं दिनको कार्यालय समय (अपराह्न ५:०० बजे) भित्र यस उपमहानगरपालिकाको प्रशासन शाखामा बुझाइसक्नुपर्नेछ। (उक्त दिन सार्वजनिक बिदा परेमा लगत्तै कार्यालय खुलेको दिन पेश गर्न सकिनेछ।)

| **पुनश्च / थप जानकारीका लागि:** | प्रमुख प्रशासकीय अधिकृत |
| --- | --- |
| हेटौंडा उपमहानगरपालिकाको कार्यालय<br>फोन नं.: ०५७-५25839, ५२2876<br>इमेल: info@hetaudamun.gov.np,<br>वेबसाइट: www.hetaudamun.gov.np | हेटौंडा उपमहानगरपालिका<br>हेटौंडा, मकवानपुर |

हेटौंडा राजपत्र

**अनुसूची–३**
**(दफा १० सँग सम्बन्धित)**
**सार्वजनिक सूचनाको ढाँचा**

**हेटौँडा उपमहानगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
हेटौँडा, मकवानपुर
**सार्वजनिक सूचना**
**नगर गान तयार गर्ने सम्बन्धी सार्वजनिक सूचना**
प्रथम पटक प्रकाशित मिति : ......................

प्रस्तुत विषयमा यस हेटौंडा उपमहानगरपालिकाको नगर सभाबाट स्वीकृत वार्षिक कार्यक्रम तथा नगर कार्यपालिकाको मिति ......................... गतेको निर्णय अनुसार हेटौंडा उपमहानगरपालिकाको सामाजिक, सांस्कृतिक, भौगोलिक, धार्मिक, ऐतिहासिक तथा औद्योगिक पहिचान र मौलिक विशेषता झल्कने गरी उत्कृष्ट "नगर गान" (Municipal Anthem) तयार गर्नुपर्ने भएको छ। तसर्थ देहायका शर्त र मापदण्डको अधीनमा रही यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र सम्बद्ध स्रष्टा, रचनाकार तथा इच्छुक नेपाली नागरिकहरूबाट शिलबन्दी नगर गानको रचना पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

**शर्त तथा मापदण्डहरू:**

**१. पहिचान र विषयवस्तु:** हेटौंडा नगरको सामाजिक, आर्थिक, भौगोलिक, धार्मिक, ऐतिहासिक, औद्योगिक, वातावरणीय पहिचान तथा पुरातात्विक मौलिक विशेषता झल्कने गरी नगर गान तयार गर्नुपर्नेछ।

**२. शब्द सीमा:** एक स्थायी र तीन अन्तराको हुनु पर्नेछ साथै बढिमा(२:००) दुई मिनेट अवधीको हुनु पर्ने छ।

**३. मौलिकताको सुनिश्चितता:** रचना पूर्ण रूपमा मौलिक र अप्रकाशित हुनुपर्नेछ। अन्य कुनै व्यक्ति वा संस्थाको रचनासँग हुबहु वा आंशिक रूपमा मिलेको पाइएमा वा प्रतिलिपि अधिकार उल्लङ्घन भएको प्रमाणित भएमा उक्त रचना स्वतः रद्द हुनेछ।

**४. पुरस्कार तथा सम्मान:** मूल्याङ्कन समितिबाट उत्कृष्ट ठहरिएको सर्वोत्कृष्ट नगर गानका रचनाकारलाई हेटौंडा उपमहानगरपालिकाको नियमानुसार उचित नगद पुरस्कार प्रदान गरिनेछ।

**५. मूल्याङ्कन प्रक्रिया:** प्राप्त गानहरूको मूल्याङ्कन हेटौंडा उपमहानगरपालिकाद्वारा स्वीकृत कार्यविधि बमोजिमको समितिले गर्ने छ।

**६. स्वामित्व तथा अधिकार:** छनोट भएको नगर गानको सम्पूर्ण प्रतिलिपि अधिकार (Copyright) तथा सर्वाधिकार हेटौंडा उपमहानगरपालिकामा निहित रहनेछ। उपमहानगरपालिकाले आवश्यकता अनुसार गानमा शब्द परिमार्जन वा सङ्गीत संयोजन गर्न सक्नेछ।

७. यस सम्बन्धी अन्य थप व्यवस्था **हेटौंडा उपमहानगरपालिका पर्यटन वर्ष २०८३ को लोगो तथा नगर गान निर्माण सम्बन्धी कार्यविधि, २०८३** बमोजिम हुने छ।

**पेश गर्ने प्रक्रिया र आवश्यक कागजातहरू:**

**क)** प्रस्तावित नगर गान नेपाली भाषा र देवनागरी लिपिमा स्पष्ट टाइपिङ गरी शिलबन्दी खाममा पेश गर्नुपर्नेछ।

**ख)** खामको बाहिर स्पष्ट रूपमा 'नगर गान रचना प्रस्ताव' भनी उल्लेख गरेको हुनुपर्नेछ।

**ग)** रचनासँगै स्रष्टाको नेपाली नागरिकताको प्रतिलिपि, हालसालै खिचिएको पासपोर्ट साइजको फोटो १ प्रति तथा सम्पर्क फोन नम्बर/इमेल विवरण संलग्न हुनुपर्नेछ।

**घ)** प्रस्ताव सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र)दिन (कार्यालय समयभित्र) यस उपमहानगरपालिकाको सामान्य प्रशासन शाखामा दर्ता गराउनुपर्नेछ। (अन्तिम दिन सार्वजनिक बिदा परेमा लगत्तै कार्यालय खुलेको दिन पेश गर्न सकिनेछ।)

**पुनश्च / थप जानकारीका लागि:**

हेटौंडा उपमहानगरपालिकाको कार्यालय
फोन नं.: ०५७-५२५८३९, ५२२८७६
इमेल: info@hetaudamun.gov.np
वेबसाइट: www.hetaudamun.gov.np

प्रमुख प्रशासकीय अधिकृत
हेटौंडा उपमहानगरपालिका
हेटौंडा, मकवानपुर

**आज्ञाले**
**टेक बहादुर वली**
**प्रमुख प्रशासकीय अधिकृत**

हेटौंडा राजपत्र